त्रिभुवन विश्वविद्यालय
इन्जिनियरिंग अध्ययन संस्थान
पुल्चोक क्याम्पस
आनन्द निकेतन, पुलचोक ।

मिति : २०६९।८।१५

## वि.ई./वि.आर्क तहमा रिक्त स्थानमा भर्नाको लागि पुनः आवेदन आव्हान सम्बन्धी सूचना ।

शैक्षिक बर्ष २०६९।०७० मा यस क्याम्पसको वि.ई./वि.आर्क तहमा भर्ना भएका केही विद्यार्थीहरुले भर्ना रद्द गराएका कारणले निम्न कार्यक्रमहरुमा निम्न बमोजिम स्थान रिक्त रहेकोले सो स्थानमा भर्नाको लागि पुनः आवेदन फाराम भरी बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

(१) पुनः आवेदन फाराम २०६९ मंसिर १७ गते खरिद गरी सोही दिन दिनको २:०० बजेभित्र पुल्चोक क्याम्पस सूचना प्रविधि केन्द्रमा दर्ता गराईसक्नु पर्नेछ । फाराम शुल्क रु. २००।- लाग्नेछ । एकभन्दा बढी विषयकोलागि प्रति विषय रु. १५०।- थप शुल्क लाग्नेछ ।

(२) **निम्न आवेदकहरुले पुनः आवेदन दिन सक्नेछन् :**
१) इन्जिनियरिंग अध्ययन संस्थानव्दारा लिइएको प्रवेश परीक्षामा उत्तिर्ण भएकाहरु
२) Online फाराम भरी Confirmation Paper दर्ता गराउन छुट भएकाहरु
३) सूचीमा नाम प्रकाशित भई भर्ना हुन छुट भएकाहरु

(३) **कक्षा शुरु भई रिक्त भएको स्थानमा आवेदन आव्हान गरिएको हुनाले इन्जिनियरिंग अध्ययन संस्थान अन्तर्गतका आंगिक क्याम्पसहरुमा भर्ना भएका विद्यार्थीहरुले आवेदन दिन पाउने छैनन् ।**

(४) उपरोक्त आवेदकहरुले दिएको आवेदनको आधारमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार मुख्य र बैकल्पिक सूची प्रकाशन गरी भर्ना गरिनेछ । मुख्य उम्मेदवारले भर्ना नगरी स्थान रिक्त रहेमा बैकल्पिक उम्मेदवारलाई भर्ना गरिनेछ ।

(५) **कुनै कार्यक्रममा नियमित तर्फको स्थान रिक्त रहन आएमा यसरी भर्ना सूची प्रकाशन गर्दा सोही कार्यक्रममा पुर्णशुल्किय तर्फ भर्ना भइसकेका विद्यार्थीको योग्यताक्रम भन्दा कम मात्र योग्यताक्रम भएका आवेदकहरुको निवेदन परेको खण्डमा भर्ना भइसकेका पुर्णशुल्किय विद्यार्थीलाई नियमित तर्फ स्थानन्तरण गरी पुर्णशुल्किय कार्यक्रम तर्फ मात्र नयाँ भर्ना लिने गरी सूची प्रकाशन गरिनेछ ।**

| सूची प्रकाशन मिति | दावि विरोध मिति | भर्ना हुने मिति |
|---|---|---|
| २०६९ मंसिर १७ गते ४:०० बजे | २०६९ मंसिर १७ गते ४:०० - ५:०० बजेसम्म | २०६९ मंसिर १८ गते अपरान्ह २:०० बजेसम्म |

(६) हाल रिक्त सिट संख्या

| सि.नं. | कार्यक्रम | रिक्त सिट संख्या |
|---|---|---|
| १ | Electronics Regular | १ |
| २ | Electronics Full Fee | २ |
| ३ | Electrical Full Fee | १ |
| ४ | Architecture Full Fee | ५ |

**बोधार्थ :**
श्रीमान डीनज्यू, इ.अ.संस्थान, डीनको कार्यालय, पुल्चोक ।
श्री प्रवेश परीक्षा बोर्ड, इ.अ.सस्थान, पुल्चोक ।
श्रीमान् क्याम्पस प्रमुखज्यू, पुल्चोक क्याम्पस थापाथली क्याम्पस पशिचमाञ्चल
श्री विभागीय प्रमुखज्यू सिभिल/ आर्किटेक्चर/ इलेक्ट्रोनिक तथा कम्प्युटर/ इलेक्ट्रिकल/ मेकानिकल/ आर्किटेक्चर/ विज्ञान तथा मानविकी
श्री सूचना प्रविधि केन्द्र, /श्री शैक्षिक प्रशासन शाखा/श्री आर्थिक प्रशासन शाखा/श्री पुस्तकालय पुल्चोक क्याम्पस ।
श्री त्रि.वि.प्राध्यापक संघ/ श्री त्रि.वि. कर्मचारी संघ पुल्चोक क्याम्पस/श्री स्वतन्त्र विद्यार्थी युनियन, पुल्चोक क्याम्पस ।

अध्यक्ष
भर्ना समिति २०६९